प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं, १, विराटनगर, नेपाल ।

## 'हामी स्वयम्सेवी अभियान' सुनसरी जिल्ला संयोजक नियुक्तिको लागि

(दोश्रो पटक मिति २०७९।०९।०६ गते प्रकाशित १५ दिने सूचना।)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.१ को बार्षिक स्वीकृत कार्यक्रममा रहेको 'हामी स्वयंसेवी अभियान' कार्यक्रमको सञ्चालनको लागि लागू भएको हामी स्वयम् सेवी अभियान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा १० मा व्यवस्था भएको जिल्ला संयोजक पदका लागि इच्छुक नेपाली नागरिकले देहाय बमोजिम आवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

देहाय

१. माग गरिएको पद : जिल्ला संयोजक, सुनसरी

२. संख्याः १ जना ।

३. आवश्यक योग्यताः मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा स्नातक उपाधि प्राप्त गरी लागू औषध वा सामाजिक क्षेत्र वा विपद् व्यवस्थापन क्षेत्रमा कम्तिमा पाँच वर्ष अनुभव प्राप्त गरेको साथै आवेदक ५८ वर्ष उमेर पूरा नभएको हुनु पर्नेछ।

४. पारिश्रमिक र सुविधा : सहायक स्तर पाँचौ वा सो सरहको सुरु तलब स्केल भन्दा बढीं नहुने गरी करार सम्झौतामा उल्लेख गरे बमोजिम पारिश्रमिक मात्र उपलब्ध गराइनेछ ।

५. आवेदन दस्तुर

- दस्तुर रु : ७००।–
- आवेदन दस्तुर देहाय बमोजिमको बैंक खातामा जम्मा गरेको भौचर आवेदन साथ संलग्न गर्नु पर्नेः
  - बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक, विराटनगर शाखा
  - राजस्व खाता नं : १०००१००२०१०१०००१
  - कार्यालयको नामः आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगर
  - कार्यालय कोडः ३१४००१३०११
  - राजस्व शीर्षक नं. : १४२२९

*(थप विवरण मन्त्रालयको वेभसाइट* ***moial.p1.gov.np*** *मा हेर्न सकिनेछ ।)*